पोखरा उपत्यका साइडसिन घुम्न जाऔं

घुमाउने ठाउँहरू

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ९९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख ९ गते मंगलबार ❑ 22 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## शिक्षामन्त्री भट्टराईद्वारा राजीनामा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले राजीनामा दिनुभएको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर भट्टराई राजीनामा बुझाउनुभएको उहाँका प्रेस संयोजक रामजी लम्सालले जानकारी दिनुभयो । "शिक्षामन्त्रीले प्रधानमन्त्रीसमक्ष आज राजीनामा दिनुभएको हो", उहाँले भन्नुभयो, "के कारणले राजीनामा दिनुभएको हो भन्ने जानकारी छैन ।" विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने माग गर्दै शिक्षक आन्दोलनको २०औँ दिन भयो । यही बीचमा शिक्षा मन्त्रीले राजीनामा दिनुभएको छ । प्रधानमन्त्री केपी शर्मा ओली र मन्त्री भट्टराईबिच सोमबारदिउँसो छलफल भएको थियो । त्यससलगत्तै उनले राजीनामा दिएकी हुन् । जबकी सोमबार बस्ने मन्त्रिपरिषद् बैठकमा शिक्षा मन्त्रालयले शिक्षकहरू माग



मुद्दा सम्बोधन गर्न सात बुँदे प्रस्ताव लैजाने तयारी थियो ।

त्यसका लागि नेपाल शिक्षक महासंघका प्रतिनिधिहरूसँगको आइतबारको छलफलमा अब बस्ने (सोमबार) मन्त्रिपरिषद् बैठकमा सरकारले गर्न सक्ने विषयहरू लैजाने बताएकी थिइन । शिक्षा मन्त्रालयले बाल विकास शिक्षकको तलब हाल १७ हजार ३ सय बनाउने, शिक्षकहरूको मर्यादाक्रम कायम गर्ने, ग्रेड समायोजन गर्ने, हाललाई निजामती अस्पतालबाट शिक्षाको उपचारमा छुट व्यवस्था गर्ने, दुर्गम भत्ताको व्यवस्था गर्नेलगायत प्रस्ताव शिक्षा तयार पारेर मन्त्रिपरिषद्मा पेस गर्ने तयारी थियो । तर, प्रस्ताव पेस गर्न केही घण्टा अगाडि उनले राजीनामा दिइन् । उनले राजीनामालगत्तै मन्त्री क्वार्टर पनि छाडिन् । उनको सचिवालय स्रोतका अनुसार राजीनामा बुझाएलगत्तै उनी निस्किएकी थिइन् । राजीनामाअघि प्रधानमन्त्रीसँग उनले केके विषयमा छलफल गरिन्, त्यो भने बाहिर आउन सकेको छैन । स्वकीय सचिव अशेष पोखरेलले भने भट्टराईको राजीनामा स्वास्थ्यका कारण आएको बताएका छन् । भट्टराईले शिक्षकका माग सम्बोधन गर्न अर्थ मन्त्रालयसँग स्रोत सुनिश्चितता माग गरेकी थिइन ।

अर्थमन्त्री विष्णु पौडेलसँगको छलफलमा उनले शिक्षकहरूको तत्काल माग सम्बोधन गर्नुपर्ने विषयहरूमा आवश्यक बजेटको व्यवस्था गर्न अनुरोध गरेकी थिइन् । तर अर्थमन्त्री पौडेलले बजेट दिन नसकिने प्रस्ट पारेका उनीनिकट स्रोत बताउँछ । त्यसपछि भट्टराईले सोही जानकारी प्रधानमन्त्रीलाई समेत गराएकी थिइन् । प्रधानमन्त्रीसमेत प्रस्ताव कार्यान्वयनका लागि सहमत भएनन् र उनी राजीनामाको मुडमा पुगेकी थिइन् ।

## पानी मार्गदै होटल संघ खानेपानी संस्थानमा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख

पोखरेलीलाई सहज खानेपानी आपूर्तिका लागि होटल संघ पोखरा नेपालले खानेपानी संस्थानको ध्यानाकर्षण गराएको छ।

संघका अध्यक्ष लक्ष्मण सुवेदीको नेतृत्वमा संघको एक टोली सोमबार नेपाल खानेपानी संस्थान पोखरा कार्यालय पुगी खानेपानी जस्तो मानव जीवनका लागि आधारभूत आबश्यकताको सहज परिपूर्तिका लागि संस्थान गंभीर बन्न ध्यानाकर्षण गराएको थियो। संघको टोलीले कार्यालय प्रमुख सहायक प्रबन्धक इञ्जिनियर आशिष कार्कीको कार्यकक्षमा पुगी पर्यटन क्षेत्रले भोग्नु परेको पानी सम्बन्धी समस्या अवगत गराएको थियो । संघका अध्यक्ष लक्ष्मण सुवेदीले पर्यटकीय राजधानीमा पोखरा भ्रमण वर्ष २०२५ चल्दै गर्दा पानीको आपूर्ति सहज नहुँदा व्यवसायमा नै मार परेको अवगत गराए । पर्यटकको बढी चहलपहल हुने लेकसाइड र ड्यामसाइड जस्ता क्षेत्रमा खानेपानी प्राप्तीमा कठिनाई हुनु दुःखद भएको भन्दै उनले यसले पर्यटन क्षेत्रमा नकारात्मक सन्देश जानसक्नेतर्फ सचेत हुनुपर्ने भनाई राखे । संस्थानलाई संघले प्रदान गरेको पत्रमा भनिएको छ, पर्यटनको राजधानी पोखरामा रहेका होटल एवम् अन्य व्यवसायीहरुले सुख्खायामसँगै आवश्यकता अनुसार खानेपानीको उपयोग गर्न



पाइरहेको अवस्था छैन । होटल तथा पर्यटन व्यवसायीहरुले दैनिक जसो बोरिङ्गको पानि खरिद गरी पाहुनाहरुलाई सेवा दिन पर्ने वाध्यात्मक परिस्थिति रहेको हुँदा पर्यटनको राजधानी पोखरा र पर्यटकहरुको आवाशीय क्षेत्र लेकसाइड, ड्यामसाइडमा नियमित रुपमा खानेपानीको व्यवस्था मिलाई दिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

संघका निवर्तमान अध्यक्ष विकल तुलाचनले पोखरा भ्रमण वर्षमा नै पानीको समस्या हुनु दुःखद भएको बताए । संघका प्रथम उपाध्यक्ष दीपक श्रेष्ठले लेकसाइड जस्तो संवेदनशिल क्षेत्रमा हप्ता विराएर खानेपानी आपूर्ति हुँदा निकै समस्या परेको बताए। अर्का उपाध्यक्ष गणेशराज पहारीले जाइकाको सहयोगपछि पनि पोखरामा पानी आपूर्तिमा समस्या हुनु दुःखद भएको बताए । संघका कोषाध्यक्ष नेत्रप्रसाद पौडेल रमेशले खानेपानीसम्वन्धी संस्थानको ठोस प्रतिवद्धता जरुरी भएको भन्दै अहिले उपभोक्ताले पानीविनाको पैसा तिर्नु परेको दुःखेसो पोखे । संस्थान प्रमुख कार्कीले सन् २०१५ तिरको पुरानो योजना अनुसार अघि बढेको प्रोजेक्ट भएका कारण जाइकाले ल्याएको पानीले पनि पोखरेलीको खानेपानी आबश्यकता पूरा गर्न नसकिएको स्वीकारे। चुहावट र चोरी पानीको अर्को समस्या भएको उनले सुनाए । उभोक्तालाई चाहेजति पानी दिन पाए आफूहरुको पनि आम्दानी बढ्ने उनले सुनाए ।

संघले सहज पानी आपूर्तिका लागि सक्दो प्रयास अघि बढाउने प्रतिवद्धता उनले सुनाए।पोखरेलीलाईप्रशोधितपानी पुऱ्याउने उद्देश्यका साथ २०७४ भदौमा सम्झौता गरिएको 'पोखरा खानेपानी सुधार आयोजना'को काम सकेर जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले नेपाल सरकारलाई हप्तान्तरण गरिसकेको छ । यो आयोजना बनाउन जापान सरकारको ४ अर्ब ८१ करोड ३० लाख रुपैयाँमा लगानी भएको छ । आयोजना अन्तर्गत दैनिक ४ लाख १० हजार लिटर पानीलाई शुद्धीकरण गरेर घर घरमा पठाउने योजना भए पनि पोखरामा दैनिक ८ करोड लिटर भन्दा बढी पानीको माग छ। पोखराको मुख्य पानीको श्रोत मर्दिखोला हो ।

## पोखरामा आगलागीका घट्न बढ्न थाल्यो, दैनिक विद्युत सर्टबाट आगलागी

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख

पोखरा क्षेत्रमा हाल आगलागीका घटना बढ्न थालेका छन् । पोखरा क्षेत्रमा हाल दैनिक जसो आगलागीका घट्ना बढ्न थालेको पोखरा महानगरपालिकाले जनाएको छ।

नेपाल भूतपूर्व खेलाडी मञ्चको २५ औं स्थापना दिवस तथा रजत महोत्सव बर्ष २०८२ को अवसरमा सोमबार पोखरामा बोल्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पोखरामा हिजोआज दैनिक जसो ६/७ ठाँउमा आगलागी हुने गरेको बताउनु भयो । बिद्युत सर्टबाट पोखरामा आगलागीबाट हुने घटनाहरु बढ्न



थालेको बताउदै बिद्युत प्रयोग गर्न बढी सावधानि अपनाउन उहाँले आग्रह गर्नुभयो। पोखरा महानगरपालिकामा हाल ३ वटा दम्कल रहेको उल्लेख गर्दै मेयर आचार्यले गर्मी महिनामा कहिलेकाहि उक्त दमकल अभाव हुने गरेको जनाएनुभयो।

पोखरा महानगरपालिकासंगै रहेका छिमेकी पालिकाहरुमा समेत दमकल नभएकोले पोखराबाटै संचालन गर्दा पोखरामा दमकलको समेत अभाव हुन थालेको मेयर आचार्यले जनाउनुभयो । महानगरको दमकलको टिम २४ सै घण्टा सेवा दिन तयारी अबस्थामा रहेको उहाँले बताउनु भयो। विश्वका मुलुकका १६ वटा शहरहरुसंग पोखरा महानगरले मितेरी साइनो कायम गरिएको मेयर आचार्यले जनाउनुभयो।

पोखरामा हुने अन्तराष्ट्रिय म्याराथन देखि पोखरामा हुने क्रस कन्ट्री दौडमा सहभागि हुन चिनका विभिन्न शहरुहरुलाई निमन्त्रणा गर्दै आएको आगामी दिनमा थप प्रभाकारी ढंगबाट निमन्त्रणा गर्ने मेयर आचार्यले जनाउनुभयो । लक्ष्मी ग्रुपका अध्यक्ष गणेश बहादुर श्रेष्ठ, मञ्चका पूर्व अध्यक्ष तेज बहादुर गुरुङ, अध्यक्ष दील बहादुर गुरुङ लगायतले पोखरामा खेल पर्यटनको धेरै सम्भावना भएको तर्क गर्नुभएको थियो।

## पुम्दीभुम्दीको नयाँ पर्यटकीय गन्तव्य कालाबाङ घरेडी बुद्ध पार्कमा पर्यटकको भिडभाड

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख

पोखरा २२ (पुम्दी–भुम्दी) मा थपिएको नयाँ पर्यटकीय गन्तव्य कालाबाङ्ग घरेडी बुद्ध पार्कमा हिजोआज पर्यटकको भिडभाड सुरु भएको छ।

सार्वजनिक बिदाको दिनमा हजार जना भन्दा बढी र अन्य दिनमा सामान्यतया ४ सय जना पर्यटकहरु उक्त पार्कमा आउदा पर्यटकहरुको भिडभाड सुरु भएको कालाबाङ्ग घरेडी बुद्ध पार्क निर्माण समितिका अध्यक्ष एवं निर्माण समितिका संयोजक युवा व्यवसायी राज गुरुङ (लाल) ले बताउनुभयो । पछिल्लो समयम पुम्दीकोट बिशाल महादेवको मुर्तिले जसरी चर्चा र धार्मिक एवं पर्यटकहरुलाई आकर्षण गरेको छ त्यसै गरी बौद्ध धर्मका भक्तहरुलााई सहित पर्यटकलाई आकषर्ण गर्न यस बुद्ध पार्कले सुरु गरेको उहाँले जनाउनु भयो। पोखराको पृथ्बीचोक देखि १३ किलोमिटर नजिक, समुद्रि सतह देखि १ हजार ४ सय ६२ मिटरको उचाईमा रहेको छ। बुद्ध



पार्कबाट माछापुच्छ्रे, अन्नपूर्ण सहितका हिमश्रृखला देख्न सकिन्छ भने, पोखरा, फेवाताल, सराङकोट, स्याङजाको केही भाग सहितका दृश्यहरु अवलोकन गर्न सकिन्छ। स्थानियको सक्रियतामा सरकारी निकायको केही आर्थिक सहयोग तथा विभिन्न दाताको सहयोगमा कालाबाङ्ग सामुदायिक होमस्टे भन्दा माथिल्लो भागको डाँडा जहाँ चक्रहाल्ने तथा नियाले डाँडाबाट परिचित डाँडामा कालाबाङ्ग घरेडी बुद्ध पार्क निर्माण गरिएको अध्यक्ष गुरुङ ले बताउनु भयो। धर्म गुरु कुण्डोल रिनपोक्षे द्धारा सहयोग प्राप्त भएको १५ फिट अग्लो शाक्यमुनिको बुद्ध मुर्ति उक्त स्थानमा प्रतिस्थापन गरिएको छ । करिब १० बर्ष अघिको भेटमा बुद्ध मूर्ति राख्न सकिन्छ की भन्ने धर्म गुरुसंग अध्यक्ष गुरुङले राखेको प्रस्तावमा उहाँले स्विकार्दै मुर्ति सहित स्तुपाः तथा साना आकृतिका बुद्ध मुर्तिहरु समेत सबै धर्म गुरुले नै व्यबस्थापन गर्नु भएको समितिले जनाएको छ। भारतको देह्रादुनमा मुर्ति निर्माण गरी केही समय अघि नै बुद्ध पार्कमा प्रतिस्थापना गरिएको छ। फाइवरबाट निर्माण गरिएको १५ फिटको उचाईमा रहेको उक्त मुर्ति हाल गोल्डेन कलरमा रंगरोगन सहित सिढीको बाटो निर्माणले पर्यटक तथा बौद्धमार्गीलाई आकर्षण गरेको अध्यक्ष गुरुङ बताउनु भयो। पहिलो चरणमा ५ करोडको परियोजना सफल पार्न पोखरा महानगरपालिका, पोखरा महानगरपालिका वडा नम्बर २२ स्थानिय बासि एवं विदेशबाट समेत सहयोग जुड्दै गरेको उहाँले उल्लेख गर्नुभयो । बुद्ध मुर्ति भन्दा तल्लो भागमा साँढे २ फिटको बुद्ध मुर्तिहरु रहेको गुरुङले जनाउनु भयो। १ सय ८ वटा सानो आकारको ११ इन्चको बुद्ध मुर्तिहरु रहेको उहाँले जनाउनु भयो। त्यसको माथि स्यम्भुनाथ, नमोबुद्ध र बौद्धका ५७ वटा स्तुपाहरु समेत राखिएको छ। उक्त पार्कमा जानको लागि दुई तर्फी सिढि बाटो निर्माण सहित वरि परी बृक्षारोपण सहित फुलका बिरुवाहरु रोप्ने रोपिएको छ।

पोखरा २२ का अध्यक्ष हिमलाल बरालले पोखरा २२ पर्यटकीय गन्तव्यको आकर्षणको केन्द्र भएको बताउदै अब पोखराका अधिकांश पर्यटक पोखरा २२ पुम्दीभुम्दीको बिशाल महादेवको मुर्ति, शान्ति स्तुपाः र बुद्ध पार्कको अवलोकन गर्न आउनेहरुको भिडभाड बढेको बताउनु भयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ऐतिहासिक काल्खु मेला सम्पन्न: कालीकोटलाई भलिबलको उपाधि

पोखरापत्र संवाददाता
स्याङ्जा, ८ बैशाख



स्याङ्जाको पुतलीबजार नगरपालिका-९ काल्खुमा सम्पन्न 'ऐतिहासिक काल्खु मेला'मा भलिबलतर्फको उपाधि कालीकोटले जितेको छ।

जनसम्पर्क युवा क्लबले गत चैत्र पूर्णिमा (३० गते) देखि आयोजना गरेको साबिक वडास्तरीय भलिबलको फाइनलमा आइतबार ओरस्टेलाई ३-२ को सेटले हराउँदै कालीकोटले उपाधि जितेको हो। उपाधिसँगै कालीकोटलाई नगद ८१ हजार रुपैयाँ, रनिङ शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्रदान गरिएको क्लबका अध्यक्ष दिपक रानामगरले जानकारी दिए।

उनका अनुसार उपविजेता टोली ओरस्टेले नगद ४१ हजार रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्यो। भने, तृतीय स्थान हाँसिल गरेको गहते 'टिम बि'ले नगद २१ हजार रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र हात पार्यो । सो प्रतियोगिताबाट ओरस्टेका लब्सन सुनार सर्वोत्कृष्ट खेलाडीका रुपमा पुरस्कृत भए । यसैगरी सोही टिमकै कृष्ण थापा उत्कृष्ट ब्लकर, कालीकोटका सञ्जय गुरुङ उत्कृष्ट स्पाइकर, सोही टिमकै विवश थापा उत्कृष्ट डिफेन्डर र गहतेका सुजित थापामगर उत्कृष्ट लिफ्टरका रुपमा पुरस्कृत भए।

कुल ३५ टिमको सहभागिता रहेको सो प्रतियोगितामा अनुशासित टिमका रुपमा सालडाँडा जामुने नगद रु १२ हजारसहित पुरस्कृत बन्यो।

खुल्ला नृत्य प्रतियोगितातर्फ कोल्माकी अनुस्का गुरुङ च्याम्पियन भइन् । अन्य ११ जना प्रतिस्पर्धीहरुलाई पछि पार्दै अनुस्का प्रथम भएकी हुन्।

यस्तै कोल्माकी साईसा गुरुङ द्वित्तिय, पोखराका दिपेश सुनार तृतिय र बयारघारीका विक्रम गुरुङले सान्त्वना स्थान हाँसिल गरे। खुल्ला नृत्य प्रतियोगितातर्फ प्रथम भएकी अनुस्काले ८ हजार रुपैयाँ, द्वित्तिय भएकी साईसाले ६ हजार, तृतीय भएका दिपेशले ४ हजार र सान्त्वना स्थान हाँसिल गरेका विक्रमलाई नगद रु २ हजार पुरस्कार प्राप्त गरेको क्लबका प्रमुख सल्लाहकार जिवन थापामगरले जानकारी दिए । कोरियोग्राफर तथा नृत्य निर्देशक होम गुरुङको नेतृत्व निर्णायकको भूमिकामा थियो । यस्तै म्युजिकल चियर प्रतियोगितातर्फ निरा थापामगर प्रथम, कल्पना गुरुङ द्वित्तिय र माया रानामगर तृतिय भइन् । सो प्रतियोगितामा १५ जनाको सहभागिता रहेको थियो।

स्थानीय कला तथा संस्कृतिको प्रदर्शनीमा जागृती टोल विकास संस्था प्रथम बन्यो। कुल ६ समूहको सहभागिता रहेको सो प्रदर्शनीमा प्रथम बनेको जागृती टोल विकास संस्था नगद रु १० हजारसहित पुरस्कृत बन्यो । जागृती टोल विकास संस्थाले काल्खुले कुसिन्डे भाका प्रस्तुत गरेको थियो। यस्तै उपविजेता बनेको जिवन ज्योती टोल विकास संस्थाले झ्याउरे भाका प्रस्तुत गरेकोक थियो । जिवन ज्योतीले नगद रु ५ हजार प्राप्त गर्यो।

उक्त प्रतियोगिताले स्थानीय संस्कृतिको संरक्षण गर्न सघाउ पुर्याएको क्लबका प्रमुख सल्लाहकार जिवन थापामगरले बताए । मेलाका विभिन्न प्रतियोगिताको विजेता तथा उपविजेता खेलाडी तथा समुहलाई समापन समारोहका प्रमुख अतिथिसमेत रहेका पुतलीबजार नगरपालिकाका प्रमुख तुलसी रेग्मी, पुतलीबजार नगरपालिकाका प्रवक्ता मनोज पौडेल, शुक्लागण्डकी नगरपालिका ११ का वडाध्यक्ष शालिकराम भट्टराई, पुतलीबजार नगरपालिकाका विधान समितिका संयोजक तथा वडा १४ का सदस्य मुवारक मिया, पुतलीबजार नगरपालिका ३ की वडासदस्य सविता पौडेल, पुरस्कारदाताहरु स्थानीय अग्रजहरु लगायतले पुरस्कार वितरण गरेका थिए।

सो अवसरमा बोल्दै प्रमुख अतिथी तुलसी रेग्मीले प्रमुख अतिथि जनसम्पर्क युवा क्लबको खेल मैदानको स्तरोन्नतीका लागि आगामी आर्थिक वर्षमा बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाए । उनले काल्खु हुँदै तनहुँको सिमानासम्मको सडकलाई कालोपत्र गर्नका लागि बजेटको व्यवस्था गर्नेसमेत आश्वासन दिएका थिए । मेलाका क्रममा चर्चित लोक तथा दोहोरी कलाकार चोलेन्द्र पौडेल, माया गुरुङ, कृष्ण गुरुङ, घनश्याम रिजाल, निश्चल थापामगर, पारु गुरुङ, ममता तामाङ, रेशम थापामगर, अर्चना चापागाईं लगायतले सांगीतिक प्रस्तुती दिएका थिए । मेलाका संयोजक प्रेमबहादुर रानामगरको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन खिम रानामगरले गरेका थिए।

# गण्डकी कोटिहोम महायज्ञले इतिहास रच्ने निश्चित छः माननीय पौडेल

पोखरापत्र संवाददाता
पोखरा, ८ बैशाख



पोखरा महानगरपालिका वडा नं. १७ बिरौटामा सञ्चालन भइरहेको ऐतिहासिक श्री गण्डकी शत कुण्डीय कोटिहोम विराट् ज्ञान महायज्ञले नेपालको धार्मिक क्षेत्रमा छुट्टै इतिहास रच्ने निश्चित रहेको गण्डकी प्रदेश माननिय विन्दु पौडेलले बताएकी छन् । सोमबार महायज्ञमा प्रमुख अतिथीको रुपमा उपस्थित भएकी माननिय पौडेलले धेरै पछि देशमा यस प्रकारको व्यबस्थित कार्यक्रम सञ्चालन भएको बताएकी छन् । साथै उनले गण्डकी कोटिहोम महायज्ञले नेपालको धार्मिक इतिहासमा इतिहास रच्ने निश्चित रहेको बताएकी छन् । कार्यक्रममा कोटिहोम महायज्ञको शुभकामना प्रदान गर्दै गर्दा उनले भनिन-"नेपालमा कसैले आटन नसकेको कोटिहोम महायज्ञ हाम्रो पोखरामा सञ्चालन भएको छ।

यो अत्यन्तै गर्वको कुरा हो। यसले नेपालको धार्मिक क्षेत्रमा इतिहास बनाउछ नै यसको साथै पोखराका गरिमा पनि थप बलियो हुने छ।"

# ट्राइयाथलनको लेभल वान कोर्स पोखरामा हुने

पोखरापत्र संवाददाता
पोखरा, ८ बैशाख

नेपाल ट्राइयाथलन संघको आयोजना तथा बिश्व ट्रायथलन महासंघको सहयोगमा लेभल वान कोर्स पोखरामा हुने भएको छ।

यहि बैशाख १३ र १४ गते पोखरामा आयोजना हुने एशिया ट्रायथलन कप २०२५ का दौरान हुने लेभल वान कोर्समा भारतका १, पोखराका १३ र काठमाण्डौ लगायतका ११ गरि कुल २५ निर्णायकहरुले कोर्समा सहभागिता जनाउने छन्। कोर्समा सहभागी निर्णायकहरुलाई बिश्व महासंगकी बिज्ञ मेलोडी टानले प्रशिक्षण प्रदान गर्ने छिन् । स्थानियलाई प्रार्थमिकतामा राखेर यस पटक कोर्स पोखरामा संचालन गर्न लागिएको हो । कोर्सले थप दक्ष निर्णायक उत्पादन हुने र स्थानिय तहमा उत्पादन हुने निर्णायकका कारण स्थानिय तहमा प्रतियोगिता संचालन गर्नमा सहज हुने महासचिव युवराज सुनुवारले बताए।

नेपालले यस अघि पनि लेभल वान कोर्ष संचालन गरिसकोको छ । हाल सम्म नेपालमा २१ प्रशिक्षित निर्णायकहरु रहेका छन्।

# तीन गाउँले थकाली सेवा समाज नेपालको दोस्रो तला भवन उद्घाटन

पोखरापत्र संवाददाता
पोखरा, ८ बैशाख




घारीपाटनस्थित तीन गाउँले थकाली सेवा समाज नेपालको नवनिर्मित दोस्रो तला भवनको उद्धाटन भएको छ।

सो अवसरमा भीमकुमारी थकालीको स्मृतिमा निर्मित कक्ष पनि उद्धाटन भयो । रुपन्देहीको सिद्धार्थनगर नगरपालिका ४, एयरपोर्ट निवासी शक्तिप्रसाद थकालीले आफ्नी धर्मपत्नी स्व. भीमकुमारीको स्मृतिमा भवन निर्माणमा १९ लाख ५० हजार रुपैयाँ सहयोग गरेका थिए।

आइतबार आयोजित समारोहमा प्रमुख अतिथि उनै शक्तिप्रसादसहित पोखरा ७ का वडाध्यक्ष राममोहन आचार्य, पोखरा ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीसमेतले भवन तथा कक्षको उद्धाटन गरेका हुन् । भवनको दोस्रो तला निर्माणको जिम्मा तीन गाउँले थकाली सेवा समाजका सदस्य विक्रम थकालीलाई दिइएको थियो । भवन निर्माणपछि आगामी दिनमा यहाँ विविध कार्यक्रम गर्न सहज हुने अपेक्षा गरिएको छ। भीमकुमारी सहारा क्लब पोखराका पूर्व अध्यक्षसमेत रहेका भवन निर्माण संयोजक विक्रम थकालीका फुपू हुन्। फुपूको नाममा भवन निर्माण गर्ने प्रस्तावको सहजैरुपमा शक्तिप्रसाद थकालीले स्वीकारेका थिए । व्यवसायीसमेत रहेका शक्तिप्रसादले भवनको आगामी दिनमा पनि संरक्षण र सम्बर्द्धन गर्दै जान सुझाव दिए। पोखरा ७ का वडाध्यक्ष आचार्यले यो भवन अब वडाको पनि सम्पत्ति भएकाले आगामी दिनमा रङरोगन एवं संरक्षणमा सहयोग गर्ने वचन दिए।

पोखरा ९ का वडाध्यक्ष मर्सानीले भवनका निम्ति १ लाख रुपैयाँ दिने घोषणा गरे। मुस्ताङको घरपझोङ गाउँपालिकाका पूर्व अध्यक्ष आशबहादुर थकालीले तीनगाउँलेको पहिचान भनेको समाजघर हो भने। समाजका निवर्तमान अध्यक्ष गणेश थकालीले २०५१ सालमा पोखरा समाजघर स्थापना भएको जानकारी दिए । भवन निर्माण समिति संयोजक विक्रम थकालीले निर्माणमा १९ लाख ३७ हजार खर्च भएकोमा १२ हजार बचत भएको आर्थिक विवरण सार्वजनिक गरे।

स्व.फुपूप्रति श्रद्धासुमन व्यक्त गर्दै उनले भवन निर्माणमा ठूलो रकम सहयोग गर्ने आफ्ना भिनाजुसहित सम्पूर्ण महानुभावप्रति आभार व्यक्त गरे। समाजका अध्यक्ष कमलप्रसाद थकालीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष कृष्ण थकाली र संचालन सचिव आशबहादुर थकालीले गरेका थिए। सो अवसरमा भवन निर्माणका दाता शक्तिप्रसाद थकाली, भवन निर्माण संयोजक विक्रम थकालीसमेतलाई सम्मान गरिएको थियो।


## वैदेशिक रोजगारमा जानुपूर्व ध्यान दिनुपर्ने कुरा

- ◆ श्रम स्वीकृती लिएरमात्र वैदेशिक रोजगारमा जाऔं,
- ◆ वैदेशिक रोजगारमा जाँदा गर्ने काम, लाग्ने खर्च र पाउने सेवा सुविधाको यकिन गरौं,
- ◆ वैदेशिक रोजगार व्यवसायीको आधिकारिकताका बारेमा सचेत बनौं,
- ◆ भिषा तथा श्रम स्वीकृतिको सुनिश्चिततापछि मात्र कानूनले तोकेबमोजिम रकम बुझाऔं र बुझाएको रकमको अनिवार्य भरपाई लिऔं,
- ◆ वैदेशिक रोजगारमा जाने देशको भाषा, संस्कृति, रीतिरिवाज र कानूनका बारेमा जानकारी प्राप्त गर्न अनिवार्य रुपमा अभिमुखीकरण तालिम लिऔं,
- ◆ सूचिकृत स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराऔं,
- ◆ नेपाल सरकारद्वारा स्वीकृत कम्पनीमा जीवन बीमा गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# नेपाल कै एकमात्र वरिष्ठ प्रतिरक्षा तथा बाल बाथरोग विशेषज्ञ पहिलो पटक पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, ८ बैशाख

नेपाल कै एकमात्र वरिष्ठ प्रतिरक्षा तथा बाल बाथरोग विशेषज्ञ (MBBS, MD, DM, FESIT) धर्मागत भट्टराईबाट गण्डकी प्रदेशमै पहिलो पटक पोखरा आउने भएका छन्।

उनलाई पोखरासम्म ल्याउने जाँचोपाँजो पोखरा क्लिक अनलाइन सञ्चार गृहले जुराएको हो। पोखरा क्लिकको आयोजना, पोखरा नयाँबजारमा सञ्चालनमा आउँदै रहेको म्याक्स सुपर स्पेसियालिटी हस्पिटलको प्राविधिक सहयोग र पोखरा ९ वडा कार्यालयको समन्वयमा सञ्चालन हुने निःशुल्क स्वास्थ्य शिविर तथा परामर्शका लागि भट्टराई पोखरा आउन लागेका हुन् । प्रतिरक्षा तथा बाल बाथरोगको पहिचान गर्नमा समस्या, पहिचान पछि निदानमा उस्तै समस्या रहेकाले गण्डकी प्रदेशका जनसमुदायलाई यो रोगका बारेमा केही सुसूचित गर्न सकियो भने आगामी दिनमा यस्ता रोगका बिरामीले समयमै उपचार पाउँदा परिवार र समुदायलाई आर्थिक तथा मानसिक हिसाबले सहज होस् भन्ने अभिप्रायले भट्टराईलाई पोखरामा ल्याएर शिविर सञ्चालन गरिएको सञ्चार गृहका अध्यक्ष दीननाथ बरालले जानकारी दिए। शिविर पोखरा नयाँबजारमा अवस्थित बृहस्पति पेट्रोल पम्पको ठीक अगाडि हस्पिटल परिसरमा २०८२ वैशाख १३ गते शनिबार बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म सञ्चालन हुने भएको हो । १६ वर्ष भन्दा कम उमेरका बालबालिकालाई सहभागी गराउन आह्वान गरिएको उक्त शिविरमा आउने अन्य सेवाग्राहीलाई हस्पिटलको प्रयोगशालामा मधुमेह र पिसाब निःशुल्क परीक्षणको सुविधासमेत अस्पतालले उपलब्ध गराएको छ। उक्त शिविरमा अन्य परीक्षण गराउने सेवाग्राहीलाई अस्पतालले ५ देखि ५० प्रतिशतसम्म छुटको व्यवस्था गरेको अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा.डोलेन्द्र आचार्यले जानकारी दिए। आचार्यले थपे- "हस्पिटल सञ्चालनको पूर्व सन्ध्यामै सञ्चार संस्थासँगको सहकार्यमा शिविर सञ्चालन गर्न पाउँदा निकै गौरवबोध भएको छ, आगामी दिनमा विभिन्न संघसंस्थासँगको समन्वयमा निरन्तर सेवामूलक सचेतना र शिविर सञ्चालन गर्दै अगाडि बढ्ने कार्ययोजना हस्पिटलको रहेको छ।"

# गण्डकी प्रदेशमा आयोजना बैंक सञ्चालन

पोखरापत्र संवाददाता
पोखरा, ८ बैशाख

गण्डकी प्रदेश नीति तथा योजना आयोगले आयोजना बैंक सञ्चालनमा ल्याएको छ। योजना छनोट र कार्यान्वयनलाई थप प्रभावकारी बनाउन आयोजना बैंक सञ्चालनमा ल्याइएको हो।

सोमबार एक कार्यक्रमका बीच यस कार्यको शुभारम्भ गर्दै मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आयोजना बैंकमा प्रविष्ट हुने योजनाको प्राथमिकता निर्धारण र कार्यान्वयनमा सहज हुने विश्वास व्यक्त गर्नुभयो। प्रदेश सरकार मातहतका मन्त्रालय र कार्यालयले योजना प्रविष्ट गर्ने र प्राथमिकताका आधारमा प्रदेश सरकारले कार्यान्वयन गर्न सहज हुने गरी योजना बैंक सञ्चालनमा ल्याइएको आयोगले जनाएको छ । आजै भएको प्रदेश र स्थानीय तहबीच योजना साझेदारी विषयक कार्यक्रममा मुख्यमन्त्री पाण्डेले स्थानीय तह र प्रदेश सरकारको साझेदारीमा आगामी वर्ष सञ्चालन गर्न सकिने कार्यक्रमबारे जानकारी लिनुभएको थियो । कृषि र पर्यटन केन्द्रित साझेदारी कार्यक्रममार्फत ग्रामीण अर्थतन्त्र उकास्न, रोजगारी सिर्जना र युवा पलायन रोक्ने गरी भूमिका खेल्न उहाँले सबैलाई आग्रह गर्नुभयो । लागत साझेदारीमा प्रतिफल देखिने खालको योजना बनाउन अनुरोध गर्दै मुख्यमन्त्री पाण्डेले आगामी वर्ष नमुना कार्यक्रमको रूपमा केही योजना सञ्चालन गरिने बताउनुभयो।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि


डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि


डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

**सम्पादकीय**

# शिक्षामन्त्रीको अनपेक्षित राजिनामा

नेपाल शिक्षक महासंघको आव्हानमा काठमाडौं केन्द्रीत आन्दोलन चलिरहेको बेला विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले राजीनामा दिएकी छन् । शिक्षा मन्त्रालयका अनुसार मन्त्री भट्टराईले सोमबार प्रधानमन्त्री केपी शर्मा ओली समक्ष राजीनामा दिएकी हुन् । नेपाल शिक्षक महासङ्घले विभिन्न माग राख्दै गत चैत १५ गतेदेखि निरन्तर काठमाडौँ केन्द्रित शैक्षिक आन्दोलन गर्दै आएको छ । शिक्षामन्त्रीसंग वार्ता गर्न नचाहेको शिक्षक महासंघ र प्रधानमन्त्री ओलीबाट साथ नपाएको सामाजिक संजालमा टिप्पणी भएको छ ।

देशभरका शिक्षकहरूले सङ्घीय राजधानीको सडकमा चर्काएको २० औं दिन यता शिक्षामन्त्री भट्टराईले भने पदबाट राजीनामा दिएपछि नैतिक पाटोबाट सामाजिक संजालमा चर्चा भएको छ। उनले सोमवार अपरान्ह प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर राजीनामा पत्र बुझाएकी थिइन। विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने माग राख्दै आन्दोलन उत्रिएका देशभरका शिक्षकहरूको मागलाई सम्बोधन गर्न उनी सक्रिय रूपमा लागेकी थिइन । लामो समयदेखि संसदीय समितिमा विचाराधीन रहेको विद्यालय शिक्षा विधेयकलाई पारित गर्न मन्त्रीले सक्रियता बढाए पनि शिक्षक महासंघले आन्दोलन जारी राखेपछि उनी सन्तुष्ट थिइननभएको थियो । उनले सोमवार बस्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को बैठकमा आन्दोलनरत शिक्षकको माग सम्बोधन गर्ने गरी ७ बुँदे प्रस्ताव लैजाने तयारी गरेको एक टेलिभिजन अन्तर्वार्तामा जानकारी गराएकी थिइन। गत चैत २० गतेदेखि आन्दोलन शुरु गरेका शिक्षकहरूले चैत्र २५ गते देखि शैक्षिक सत्र ठप्प पारेर काठमाडौं केन्द्रित आन्दोलन शुरु गरेका थिए ।

सरकारले वैशाख १२ गतेदेखि शुरु हुने संसदको बजेट अधिवेशनबाटै विद्यालय शिक्षा ऐन जारी गर्ने आश्वासन दिँदै आन्दोलन छोड्न आग्रह गरिरहे पनि शिक्षकहरूले सडक छाडेका छैनन् । शिक्षकहरूको आन्दोलनको बीचमा शिक्षामन्त्रीले राजीनामा दिएपछि सरकारमाथि झनै दबाब थपिएको छ । पछिल्लो समय शिक्षामन्त्री भट्टराईको स्वास्थ्य अवस्था प्रतिकूल थियो । आन्दोलन गरिरहेका शिक्षक महासंघ न्त्रीसंग औपचारिक रुपमा वार्तामा बस्न नचाहने र सबैकुरा प्रधानमन्त्रीसंग ठोक्किएर गर्नेहरु अहिले आन्दोलनलाई तन्काउन पुगेका छन । अहिले आफ्नै मागलाई जटिल बनाउन खोजेका छन । २०८१ असार ३१ गते शिक्षामन्त्रीमा नियुक्त भएकी थिइन । त्रिभुवन विश्वविद्यालयमा लामो समय अध्यापन गराएकी उनी गत २०७९ को निर्वाचनमा कास्की निर्वाचन क्षेत्र नं.२ बाट प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित भएकी थिइन । इमान र नैतिक प्रदर्शन गरेकी शिक्षामन्त्रीको अनपेक्षित राजिनामा समस्याको समाधान होइन । आन्दोलनकारी र सरकारलाई पनि मन्त्रीको राजिनामा जटिलता हो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाव | धनु | : कार्यमा सफलता |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मालिकामा 'होम डेलिभरी' शून्य

**रासस**
म्याग्दी, ८ बैशाख

म्याग्दीको मालिका गाउँपालिकामा घरमा प्रसूति (सुत्केरी) हुनेको सङ्ख्या शून्य भएको छ । घरमै बच्चा जन्माउँदा आमा र बच्चाको ज्यान खतरामा पर्नुका साथै सुत्केरीपछि महिलामा विभिन्न समस्याले सताइरहने हुँदा घरमै सुत्केरी हुनेको सङ्ख्या शून्यमा झारिएको हो । जोखिमयुक्त प्रसूतिका कारण हुने सक्ने जोखिम न्यूनीकरण गरी बच्चा र आमाको स्वास्थ्यमा सुधार ल्याउन 'होम डेलिभरी' शून्य बनाइएको स्वास्थ्य शाखाका प्रमुख सन्तु कार्कीले बताउनुभयो ।

"चालु आर्थिक वर्ष २०८१/८२ सुरू भएयता मालिका गाउँपालिकामा सुत्केरी भएका सबै ८० जनाले स्वास्थ्य संस्थामा बच्चा जन्माएका छन्," उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षको बाँकी तीन महिना र आगामी आर्थिक वर्षमा पनि होम डेलिभरी शून्य बनाउन सचेतनामूलक कार्यक्रममा जोड दिएका छौं ।"

आर्थिक वर्ष २०७९/८० मा मालिका गाउँपालिकाभित्र एक सय ९५ जना सुत्केरी हुँदा १८ जना महिला घरमै सुत्केरी भएका थिए । त्यस्तै आर्थिक वर्ष २०८०/८१ मा एक सय ३३ जना सुत्केरी हुँदा नौ जनाले घरमै बच्चा जन्माएका थिए ।

मालिकाको निस्कोट, रूम, देवीस्थान, बिम स्वास्थ्य चौकी र दरवाङ आधारभूत अस्पतालमा सुरक्षित प्रसूति सेवा उपलब्ध छ । निस्कोटमा एक, रूममा २२, देविस्थानमा १६ र दरवाङ आधार भूत अस्पतालबाट ३८ जनाले प्रसूति सेवा लिएका स्वास्थ्य शाखा प्रमुख कार्कीले बताउनुभयो । आठ पटक गर्भ जाँच गर्ने तथा स्वास्थ्यचौकीमै सुत्केरी हुनेलाई प्रोत्साहन गर्ने राज्यको नीति र सचेतनामूलक अभियानका कारण होम डेलिभरी शून्य भएको मालिका गाउँपालिकाका उपाध्यक्ष लक्ष्मीदेवी घर्ती पुनले बताउनुभयो । "गर्भावस्था र सुत्केरी अवस्थाका सम्भावित जोखिमको विषयमा धेरै सचेतनाका कार्यक्रम सञ्चालन भएका छन्," उहाँले भन्नुभयो, "सरकारी र गैरसरकारी संस्थाबाट भएका प्रयास प्रभावकारी बनेको छ ।"

# मादी नदी लिफ्ट खानेपानी योजना अधुरै

**रासस**
तनहुँ, ८ बैशाख

व्यास नगरपालिका-१ मा निर्माण गर्न लागिएको मादी नदी लिफ्ट खानेपानी योजना अधुरै रहेको छ । निर्माणमा संलग्न व्यवसायीको लापरवाहीका कारण उक्त योजना समयमै निर्माण गर्न नसकिएको हो ।

भादगाउँ खानेपानी तथा उपभोक्ता संस्था र नेपाल सरकारको लगानीमा मादी नदी लिफ्ट खानेपानी योजना निर्माण गर्न लागिएको हो । निर्माणको ठेक्का पाएको 'पराजुली कन्स्ट्रक्सन'का सञ्चालक सतिश पराजुलीले निर्माण कार्य बाँकी छाडेर सम्पर्कविहीन भएपछि उक्त योजना सम्पन्न हुन नसकेको भादगाउँ खानेपानी तथा उपभोक्ता संस्थाका व्यवस्थापक ईश्वर श्रेष्ठले जानकारी दिनुभयो ।

सरकारको ७० प्रतिशत र भादगाउँ खानेपानी संस्थाको ३० प्रतिशत लगानीमा मादी नदी लिफ्ट खानेपानी योजना अघि बढाइएको थियो । विसं २०८० भदौमित्र सम्पन्न गर्नेगरी २०७९ भदौमा उक्त योजनाबारे सम्झौता भएको व्यवस्थापक श्रेष्ठले बताउनुभयो । उक्त योजनाको हालसम्म करिब ८० प्रतिशत भौतिक प्रगति रहेको छ । "तीन पटकसम्म योजना निर्माणको म्याद थप गरिसकेका छौँ", उहाँले भन्नुभयो । व्यवस्थापक श्रेष्ठका अनुसार अमिलीभञ्ज्याङमा चार लाख लिटर क्षमताको रिर्जभ ट्याङ्की निर्माण गरिएको छ । तर भट्टमा ५० हजार लिटर क्षमताको ट्याङ्की निर्माण कार्य अधुरै छ । रु १९ करोडको लागतमा उक्त आयोजना निर्माण कार्य अघि बढाइएको हो । "निर्माणमा ढिलाइ हुँदा पानी आपूर्तिमा कठिनाइ भएको छ", उहाँले भन्नुभयो । व्यास-४ चुरेखोल्सीस्थित मादी नदीबाट पानी ल्याएर वडावासीलाई वितरण गर्न लागिएको हो ।

विसं २०५६ मा उक्त खानेपानी संस्था स्थापना भएको हो । संस्थाले हालसम्म दुई हजार ६८० निजी धारा जडान गरी पानी वितरण गर्दै आएको छ । व्यास-१३ करादी खिरखादी मुहानबाट ल्याएर पानी वितरण गरिँदै आएको छ ।

सो क्षेत्रमा बस्ती विस्तार हुँदै गएपछि पानी अभाव भएको हो । उक्त अभाव पूरा गर्न वैकल्पिक खानेपानीको रूपमा मादी नदी लिफ्टिङ खानेपानी योजना निर्माण अघि बढाइएको व्यवस्थापक श्रेष्ठले बताउनुभयो ।


## नागरीक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३ छापाको चौतारादेखि गाईपानी सडक स्तर उन्नती सम्पन्न गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरीक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : छापाको चौतारादेखि गाईपानी सडक स्तर उन्नती
उपभोक्ता समितिको नाम : छापाको चौतारा उपभोक्ता समिति, पोखरा-१३, कास्की
योजना सम्झौता मिति : २०८१/०९/२३
योजना सुरु मिति : २०८१/०९/२४
योजना सम्पन्न हुने मिति : २०८२/०१/०५
महानगरपालिका बाट प्राप्त : १०,००,०००/-
जनसहभागिता : १,७६,४७१/-
कुल लागत : ११,७६,४७१/-

मोती बहादुर घर्ती
अध्यक्ष
**छापाको चौतारा उपभोक्ता समिति**
पोखरा-१३, कास्की


# गण्डकीका १२ 'स्याटेलाइट' अस्पतालमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना विकास

**पोखरापत्र संवाददाता**
पोखरा, ८ बैशाख

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा र विश्व स्वास्थ्य सङ्गठन, 'द प्याण्डामिक फण्ड'को आर्थिक प्राविधिक सहयोगमा पोखरामा सञ्चालित अस्पताल विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना विकाससम्बन्धी दुईदिने कार्यशाला सम्पन्न भएको छ ।

कार्यशालाा गण्डकी प्रदेशअन्तर्गतका १२ स्याटेलाइट अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा प्रशासनिक कर्मचारीको सहभागिता रहेको थियो । ती अस्पतालमा बुर्तिबाङ अस्पताल, बागलुङ, प्रादेशिक अस्पताल मुस्ताङ जोमसोम, दमौली अस्पताल, तनहुँ, प्रदेश अस्पताल पुतलीबजार, स्याङ्जा, लमजुङ जिल्ला अस्पताल, लमजुङ, प्रादेशिक अस्पताल बेनी, प्रादेशिक अस्पताल चामे मनाङ, प्रदेश अस्पताल कुस्मा, पर्वत,आमपिपल अस्पताल, गोरखा, मध्यविन्दु प्रादेशिक अस्पताल नवलपुर, मातृ शिशु मितेरी प्रादेशिक अस्पताल कास्की, प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल कास्की रहेका थिए । सहभागीहरूले विज्ञ प्रशिक्षकको मार्गनिर्देशनमा 'हस्पिटल सेफ्टी इनडेक्स प्लस एप' प्रयोग गरेर आफ्ना अस्पतालको 'एचडिपिआरपी' विकास गरेका थिए ।

सहभागीलाई जनस्वास्थ्य आपत्काल अवस्थाहरूको लागि समन्वय र सञ्चार, 'एचइओसी' सञ्जाल, हब तथा स्याटेलाइट अस्पताल सञ्जाललगायतका विषयमा विस्तृत जानकारी गराइएको थियो । सहभागीले विकास गरिएका एचडिपिआरपी योजना परीक्षण गर्नका लागि 'टेबलटप' अभ्यास पनि गरेका थिए । यी योजनाहरू अब प्रत्येक अस्पतालमा लागू गरिने र कर्मचारीहरूलाई अद्यावधिक गरेर प्रभावकारी कार्यान्वयनको लागि मद्दत पुऱ्याइने तथा यसले तयारीमा सुधार ल्याउने जनाइएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता एवं स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रका प्रमुख डा प्रकाश बुढाथोकीको अध्यक्षता समापन कार्यक्रम सम्पन्न भएको थियो । सो अवसरमा उहाँले स्वास्थ्य आपत्कालीन अवस्थालाई सम्बोधन गर्न पूर्वतयारी गरिएको जानकारी दिनुभयो ।

प्रादेशिक स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिमबहादुर खड्का, नेपाली सेना स्वास्थ्य विज्ञान प्रतिष्ठानका विज्ञ प्रशिक्षक डा विकल श्रेष्ठ र डा सुवाष न्यौपानेले प्रशिक्षण दिनुभएको थियो ।

# दुई करोड बढी लागतमा बनेको वृद्धाश्रम प्रयोगविहीन

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ बैशाख

बागलुङ नगरपालिका-४ नियरघाटमा निर्माण भएको वृद्धाश्रम सञ्चालनमा आउन सकेको छैन । दुई वर्ष अगाडि परिवारबाट अपहेलित भएका वृद्धवृद्धालाई राख्नका लागि निर्माण भएको वृद्धाश्रम सञ्चालनमा आउन नसकेको हो । निर्माण सम्पन्न भएको लामो समयसम्म पनि भवन सञ्चालन नहुँदा वरपर झाडी पलाएर ढाकिएर बेवारिसेजस्तै बनेको छ ।

आश्रम निर्माणका लागि जुम्ली निर्माण सेवाले विसं २०७९ पुस ८ गते सम्झौता गरी काम सुरु गरेको थियो । निर्माण कम्पनीले विसं २०८० असार २५ गते काम सम्पन्न गरेको थियो । नगरपालिकाको रु दुई करोड २६ लाख ५४९ मा निर्माण भएको सुविधायुक्त आश्रम बनेको हो । भवन एक तलाको भए पनि सुविधायुक्त रहेको छ । बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले परिवारबाट तिरस्कारमा परेका वृद्धवृद्धाको संरक्षणका लागि वृद्धाश्रम निर्माणको भन्दै अहिलेसम्म कोही पनि वृद्धवृद्धा आश्रय लिन नआउँदा सञ्चालनमा नभएको बताउनुभयो ।

करोडौं खर्चिएर बनाएको संरचनालाई प्रयोग नगरी छोड्नुभन्दा केही समयका लागि मानवसेवा आश्रमलाई सञ्चालन गर्न दिने कार्यपालिकाले निर्णय गरेको उहाँको भनाइ छ। नगरप्रमुख श्रेष्ठले भन्नुभयो, "कोही पनि बाबाआमा आश्रममा बस्नु नपरोस्, सुखद् भनौँ अहिलेसम्म हाम्रो सम्पर्कमा परिवारबाट हेलामा परे भनेर कोही पनि आउनुभएको छैन, नगरपालिकाले हेलामा परेका वृद्धवृद्धाको संरक्षण गर्ने उद्देश्यले यो आश्रम बनाएको हो, यसलाई अब प्रयोग गर्नुपर्छ भन्ने हिसाबले मानव सेवा आश्रमलाई दिने निर्णय भएको छ ।"

वृद्धआश्रम नजिकै मानव सेवा आश्रमको भवन निर्माणाधीन छ । उक्त भवन नबन्दासम्म वृद्धआश्रम प्रयोग गर्न दिने उहाँ बताउनुहुन्छ । भ्फाडीले ढाकिएको भवनलाई नगरपालिकाले केही समयमै व्यवस्थित बनाउने प्रमुख श्रेष्ठको भनाइ छ । उक्त भवनको संरक्षणका लागि घेराबार गर्ने, फोहर व्यवस्थापन लगायतका काम गर्ने उहाँले बताउनुभयो । यदि कोही वृद्धवृद्धा आश्रय लिन आए राम्रो सुविधा दिएर राख्ने श्रेष्ठले बताउनुभयो । नियरघाटमा रहेको जङ्गेश्वर महादेव लक्ष्मीनारायण गुठीको पाँच रोपनी जग्गामा आश्रम निर्माण भएको छ । भवनमा ध्यान केन्द्र, नर्सिङ सेन्टर, भान्सासहित भवनमा २० कोठा रहेको बागलुङ नगरपालिकाका इन्जिनियर सोबिन घर्तीले जानकारी दिनुभयो । भवनमा वृद्धवृद्धाका लागि शौचालय, स्नानगृह रहेको उहाँको भनाइ छ । बागलुङ नगरपालिका-१ का स्थानीय बालकृष्ण आचार्यले वृद्धआश्रम सञ्चालन नहुँदा राम्रो ठूलो रकम नोक्सान भइरहेको बताउनुभयो । निर्माण सम्पन्न भएको दुई वर्षसम्म सञ्चालन नहुनु दुःखद् विषय भएको भन्दै नगरपालिकाले कुनै प्रयोजनका लागि भए पनि प्रयोग गर्नु पर्ने सुनाउनुभयो । नयाँ भवन प्रयोग नहुँदै भत्केलढोका टुट्न फुट्न लागेको उहाँको भनाइ छ ।

# संरक्षणको पर्खाइमा मुस्ताङको सेकुङ ताल

**रासस**
मुस्ताङ, ८ बैशाख

यहाँको थासाङ गाउँपालिका-२ स्थित सेकुङ ताल संरक्षणको पर्खाइमा छ । ताल संरक्षणका लागि सरोकारवाला निकायले ध्यान नदिँदा सेकुङ ताल ओझेलमा परेको छ ।

धौलागिरि हिमालको हिउँबाट बग्ने पानीको स्रोतले सेकुङ ताल बनेको छ । बेनी-जोमसोम सडकबाट १५ मिनेटमै पुग्न सकिने भएपनि तालको संरक्षण तथा आवश्यक प्रचार नहुँदा पर्यटकीय दृष्टिकोणले ओझेलमा परेको हो । थासाङ गाउँपालिका-२ का वडाध्यक्ष गौतम शेरचनले सेकुङ तालमा आवश्यक स्तरोन्नति गर्नुपर्ने देखिएकाले पानीको सतह घटाइएको जानकारी दिनुभयो । प्राकृतिक स्रोत साधनको संरक्षण तथा संम्वर्द्धन गर्ने पहिलो प्राथमिकता स्थानीय तहको रहेपनि गाउँपालिकाले त्यसतर्फ ध्यान नदिएको स्थानीयको गुनासो छ । केही वर्षअघि भन्दा हाल सेकुङ तालमा पानीको सतह आधा भन्दा धेरै घटेको छ । सेकुङ तालसम्म जोड्ने गरी बेनी-जोमसोम राष्ट्रिय राजमार्ग सडक निर्माण गरिएपनि कतिपय स्थानमा सडक जीर्ण हुँदा तालसम्म पुग्न सवारी साधनलाई कठिन छ । सङ्घीय सरकारले सेकुङ ताल जोड्ने कच्ची सडक विस्तार गरेपनि आवश्यक स्तरोन्नति गर्न सकेको छैन ।

थासाङको सेकुङ ताल संरक्षणका लागि अन्नपूर्ण सरक्षण क्षेत्र आयोजना (एक्याप)ले केही वर्ष अघि बाँध निर्माण गरेको थियो । तर, तालमा पानी जम्मा हुन सकेको छैन । यसैगरी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत पर्यटन विभागले सेकुङ तालको चारैतिर छप्पनी ढुङ्गा राखेर पैदल बाटो निर्माण गरेको थियो । वडाध्यक्ष गौतम शेरचनले सेकुङ ताल अवलोकनका लागि आउने पर्यटकका लागि गाउँपालिकाले ठाँटी निर्माणका साथै शौचालय र खानेपानीलगायतको पूर्वाधार निर्माण गरिएको जानकारी दिनुभयो ।

सेकुङ तालमा निलगिरि हिमालको प्रतिबिम्व देख्न सकिन्छ । सेकुङ ताल पर्यटकीय मात्रै नभएर धार्मिक रुपमा पनि महत्वपूर्ण रहेको सो वडाका वडाध्यक्ष गौतम शेरचनको भनाइ छ। तालमा सदियौँदेखि स्थानीयले प्रकृति पूजा गर्दै आइरहेका छन् । बर्सेनि सेकुङ तालमा हिमपहिरोको जोखिम हुने, बाढी पहिरो र सुख्खा खडेरी हुँदा सेकुङ तालमा धार्मिक पूजा गर्ने प्रचलन विद्यमान रहेको बताउनुभयो । यस ताल क्षेत्र वन्यजन्तु र विभिन्न पक्षीको क्रिडास्थल पनि हो । यहाँ हिउँचितुवा, चितुवा, मृग, कस्तुरी, घोरल, थार, स्याल, बनबिरालो घोरललगायतका वन्यजन्तुको बासस्थान छ । ताल आसपासमा डाँफे, मुनाल, कस्तुरी, कालिज, च्याखुरा र ठिकुरीलगायतका चराचुरुङ्गी पाइन्छन् । घरपफोङ गाउँपालिकाका अध्यक्ष मोहनसिह लालचनले सेकुङ ताल पर्यटकीय तथा प्राकृतिक सम्पदा भएकाले यसको संरक्षणमा जोड दिनुपर्ने सुझाव दिनुभयो । यसको सरक्षण, सम्वर्द्धन र प्रचार/प्रसारमा ध्यान दिनसकेमा पर्यटकको सङ्ख्या वृद्धि हुने बताउनुभयो ।

# मनाङमा सार्वजनिक बस सेवा सञ्चालन सुरु

**रासस**
मनाङ, ८ बैशाख

हिमाली जिल्ला मनाङमा आइतबारदेखि नियमित रूपमा सार्वजनिक बस सेवा सञ्चालनमा ल्याइएको छ। ट्र्याक खोलिएको २२ वर्षपछि सदरमुकाम चामेसम्म सार्वजनिक बस सेवा सञ्चालन गरिएको हो।

प्रतिनिधिसभा सदस्य एवं पूर्वराज्यमन्त्री टेकबहादुर गुरुङले नियमित बस सेवा सञ्चालनको शुभारम्भ गर्नुभयो । सांसद गुरुङले सेनाले निर्माण गरेको सडक ट्र्याक द्वन्द्वकालमै सम्पन्न गरी सरकारलाई हस्तान्तरण गरेको वर्षौंपछि मनाङमा बस सेवा सञ्चालन भएको बताउनुभयो । उहाँले भन्नुभयो, "भीरको सडकमा बस सञ्चालन गर्ने लक्ष्य लिइएको थियो । यो हाम्रो उपलब्धी हो । हामीले सर्वसाधारणका साथै पर्यटकलाई बस सेवा प्रवाह गर्नु आज ऐतिहासिक दिन हो ।" गण्डकी प्रदेशसभा सदस्य मुनिन्द्रजङ्ग गुरुङले मनाङवासीलाई सहज यात्रा गराउने सपना पूरा भएको बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रा अग्रजले सडक निर्माणमा चासो दिएकाले बसमा यात्रा गर्ने सपना पुरा भएको छ। हालका लागि कच्ची सडकमा भए पनि बस सेवा प्रारम्भ गरेका छौं।

बिस्तारै कालोपत्र सडक बन्ने अपेक्षा छ ।" नासों गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले भन्नुभयो, "चामेबाट बस सञ्चालन भएपछि माथिल्लो मनाङबाट यात्रु भरिएर सवारीसाधन पाइँदैन कि भन्ने त्रास हटेको छ।" चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले स्थानीयको सहजताका लागि गाउँपालिकाले नै बस सञ्चालनमा ल्याउने प्रयास गरेको बताउनुभयो । गत चैत ७ गते पहिलो पटक यात्रुबाहक बस आइपुगेको मनाङमा सहज रूपमा सार्वजनिक बस सेवा सञ्चालनमा ल्याइएको प्रमुख जिल्ला अधिकारी मातृका आचार्यले जानकारी दिनुभयो । "बेसीसहर-चामे सडकमा बस सञ्चालन गर्न सकिने वा नसकिने भनेर गरिएको परीक्षण सफल भएपछि आजबाट बेसीसहरदेखि सदरमुकाम चामेसम्म नियमित बस सञ्चालन भएको हो," उहाँले भन्नुभयो।

प्रजिअ आचार्यका अनुसार ना ६ ख ९५७९ र ना७ख ७२६७ नम्बर बस नियमित आवतजावत गर्नेछन् । अन्नपूर्ण पदयात्राका लागि आउने विदेशी पर्यटकलाई लिएर परीक्षणका लागि सदरमुकाम चामे पुगेर बस फर्किएपछि सञ्चालन गर्न सकिने जानकारी गराइ आइतबारदेखि नियमित बस सञ्चालन गरिएको बस सञ्चालक सुरेश घिमिरेले जानकारी दिनुभयो । मनाङमा निर्माणाधीन मनाङ मर्स्याङ्दी जलविद्युत्का सामान लिएर १० चक्के ट्रकसमेत पुग्ने गरेका छन्। गत फागुन २५ गते जिल्ला प्रशासन मनाङमा बसेको समन्वयात्मक बैठकले बेसीसहरबाट चामेसम्म बस सञ्चालन गर्ने निर्णय गरेको थियो । सोही अनुरुप स्थानीय प्रशासनले डुम्रे-बेसीसहर-चामे सडक योजना र अन्य सरोकारवाला निकायलाई आवश्यक समन्वयपश्चात बस सञ्चालनमा ल्याइएको हो।

पन्ध्र वर्षअघिदेखि मोटर चल्न थालेको यहाँ हालसम्म बोलेरो, टाटासुमोजस्ता साना सवार ीसाधनले मात्र यात्रु बोक्दै आएका थिए। बेसीसहरबाट चामेसम्मको ६५ किलोमिटर सडक पार गर्न अब बोलेरो जीपसँगै बस चढ्न सकिने भएको छ । सो रुटको भाडादर रु ७४० कायम गरिएको छ। यस सडक अन्तर्गत बेसीसहरदेखि खुदीसम्मको सात किलोमिटर सडक कालोपत्र छ। खुदीभन्दा माथि चामेसम्म ठाउँ-ठाउँमा १० किलोमिटर सडक ढलान गरिएको छ। बाँकी ४७ किलोमिटर कच्ची सडक छ।

# हिमाली याकचौँरीपालन सङ्कटमा

**रासस**
मुस्ताङ, ८ बैशाख



यहाँको थासाङ-२ घट्टेखोलास्थित हिमालयन याक नाकपालन उपसमितिका सदस्य एवं वडासदस्य भीमप्रसाद थकालीलाई पछिल्लो समय याकचौँरीका पाठापाठी हुर्काउन समस्या छ।

उहाँको करिव ७० वटा याकचौँरी छन् । पूर्ख्यौली पेशा अङ्गाल्दै आउनुभएका थकालीले पछिल्लो समय याकचौँरीपालन व्यवसाय जोगाउनै गाह्रो परेको बताउनुभयो । सरकारले हिमाली क्षेत्रकायाकचौँरीपालनव्यवसायलाई संरक्षण गर्न अनुकूलनका कार्यक्रम ल्याउन आवश्यक रहेको उहाँको भनाइ छ । "सरकारले हिमाली याकचौँरीपालन संरक्षणका लागि अहिलेसम्म ठोस कार्यक्रम ल्याउन सकिरहेको छैन," उहाँले भन्नुभयो, "हिमालमा चरनक्षेत्रमा घाँस नहुने, वन्यजन्तुको जोखिम र सुख्खा खडेरीले पानीको अभाव हुँदा यो व्यवसायनै लोप हुने अवस्थामा पुगेको छ।"

जिल्लाका पाँच वटै स्थानीय तहमा करिब चार हजार ७०० बढी सङ्ख्यामा याकचौँरी छन् । याकचौँरीपालनको व्यावसायिक हकहित र उत्थानका लागि २०७६ सालमा हिमालयन याकचौँरी पालन तथा संरक्षण व्यवस्थापन समिति गठन भएको थियो। त्यसकै उपशाखा अन्तर्गत थासाङ-२ घट्टे खोलामा हिमालयन याक नाक पालन उपसमिति छ। थकाली जस्तै थासाङ-२ मा २२ घरधुरीले २२ वटा गोठ खडा गरी करिव ७०० बढी सङ्ख्यामा याक नाक पालन गर्दै आइरहेका छन् । पूर्ख्यौली व्यवसाय याकचौँरीपालनबाट राम्रो आम्दानी हुने गरेको उनीहरुको भनाइ छ। याक नाकको दुधबाट घ्यू, छुर्पी र मासु उत्पादन हुने गर्छ। यसका अतिरिक्त याक नाकका रगत निकालेर सर्वसाधारणलाई बिक्री गरी बैकल्पिक आम्दानी लिने गरेका छन् । थासाङमा हिउँद र बर्खायाममा अलगअलग गोठ स्थान्तरण गरेर याकचौँरीको व्यवस्थापन गर्ने गरिएको छ। बर्खायामको चिसो मौसममा मुलीखर्क, मार्चे र बतासे डाँडा लगेर गोठ सारिन्छ। त्यसपछि बिस्तारै हिउँदयाम लागेपछि बस्ती नजिकको पट्के खर्क, छिप्लुङ खर्क, सेकुङ खर्क, खैक्यु खर्क र लुप्साङ खर्कलगायतका स्थानमा याकचौँरीको गोठ स्थान्तरण गरिने याकचौँरी पालक गौतम शेरचनले जानकारी दिनुभयो । याकचौँरीपालन गर्दा गोठालालाई वार्षिक रु दुई लाख र खाने, बस्ने र लत्ताकपडाको व्यवस्थापन गरिदिने चलन छ। पछिल्लो समय हिमाली क्षेत्रमा याकचौँरीपालन सङ्कटमा पर्दै गएको हो। जलवायु परिवर्तनका कारण वातावरणीय क्षेत्रमा परेको असरले याकचौँरीपालन व्यवसाय समस्यामा परेको स्थानीयवासीको अनुमान छ । हिमाली क्षेत्रमा समयमा हिउँ नपर्ने, बेमौसममा हिमपात हुने र कुनै वर्ष हिउँ पर्दै नपर्नेजस्ता प्राकृतिक विपद्ले हिमाली याकचौँरीका लागि आवश्यक चरन क्षेत्रमा घाँस पाइन छाडेको हो । हिमालयन याक नाक उपसमितिका याकचौँरीपालक किसानले याक नाकको रगत सर्वसाधारणलाई बिक्री गरेर बैकल्पिक आम्दानी गर्ने गरेका छन् । याकचौँरीको आलो रगत निकालेर बिक्री गर्ने हिमाली क्षेत्रको सदियौदेखिको सांस्कृतिक प्रचलन हो । प्राकृतिक उपचारकालागियाकचौँरीकोआलो रगत सेवन गर्नाले दीर्घरोगीलाई उपचारमा उपयोगी हुने जनविश्वास छ। विशेषगरी ग्याष्ट्रिक, गानोगोला, हाडजोर्नी दुख्ने तथा पेटसम्वन्धी समस्या भएका बिरामीलाई याकचौँरीको आलो रगतले फाइदा पुग्ने बताइन्छ। एक वयस्क याकचौँरीबाट २५ गिलासदेखि ४२ गिलाससम्म याकचौँरीको आलो रगत निकाल्न सकिने हिमालयन याक नाक पालन उपसमितिले जनाएको छ । याकचौँरीको रगत सेवन गर्न आउने सर्वसाधारणलाई प्रतिगिलास रु ३०० को दरमा बिक्री वितरण गरिन्छ।

# 'कोटिहोम'का माध्यमबाट उजागर हुँदै पोखरास्थित प्राचिन हरिहर मन्दिर

**हरिप्रसाद बास्तोला**
पोखरा, ८ बैशाख/रासस



ऐतिहासिक, पुरातात्विक एवम् धार्मिक हिसाबले महत्वपूर्ण भएर पनि ओझलमा परेको सदाशिव सिद्धेश्वर हरिहर मन्दिर कोटिहोमका कारण चर्चामा आएको छ।

मानव सेवा फाउन्डेसनले पोखरा महानगरपालिका-१७ सीतापाइलास्थित हरिहर मन्दिरको व्यवस्थापन तथा सञ्चालनका लागि 'कोष' खडा गर्ने र पोखराको पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यका साथ काटिहोम गर्ने भएपछि अहिले क्षेत्रमा मन्दिरको चर्चापरिचर्चाले प्राथमिकता पाएको हो । कोटीहोम गर्ने स्थानका सम्बन्धमा सुरुमा विवाद भएपछि पोखरा महानगरपालिकाले गठन गरेको पाँच सदस्यीय समितिको सुझावबमोजिम विरौटामा गण्डकी शत कुण्डीय गायत्री कोटिहोम हुने भएको हो । सो कोटिहोममा धार्मिक सङ्घसंस्था, व्यक्ति तथा स्थानीय जनताको मात्र नभई स्वदेश तथा विदेशका मानिस समेत प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा जोडिने भएकाले हरिहर मन्दिर परिचित हुने र मन्दिरको कोष खडा भएपछि सञ्चालन तथा व्यवस्थापनमा सहज हुने धाराणा आयोजकबाट आएको छ।

किंवदन्तीअनुसार तत्कालीन कास्कीकोटका राजा कुलमण्डल शाहलाई सेती नदीस्थित सीताघाटमा स्नान गर्ने क्रममा हरिहरको दर्शन प्राप्त भई सो क्षेत्र देवदेवीको बासस्थान भएको दिव्यवाणी भएपछि खोज्दै जाँदा काफ्ली गाईले दूध चढाइरहेको शिला भेटिएपछि सोही स्थानमा मन्दिर स्थापना गरी नित्य पूजाआजा सञ्चालन गर्न थालिएको हो। स्थापनाकालको मन्दिर जीर्ण भएपछि मौलिक स्वरूपमा परिवर्तन नहुने गरी मर्मतसम्भार गरिएको र अहिले दर्शन तथा पूजाआजाका लागि भक्तजन आउने गरे पनि मन्दिर ओझेलमा परेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नागेन्द्र शर्मा भण्डारीले जानकारी दिनुभयो । मन्दिर निर्माण भई नित्यरुपमा पूजाआजासहित सञ्चालनका लागि पोखरा महानगरपालिका-१७ पार्दी-विर ौटामा २९ रोपनी १२ आना जग्गा गुठीअन्तर्गत रहेको १८६४ सालको लालमोहरले पुष्टि गरेको छ । तर राजगुठीका नाममा दर्ता भएको सो जग्गा भूमाफियाको चलखेलबाट बचाउन आफूहरू सफल भएको अध्यक्ष भण्डारीले बताउनुभयो । उहाँका अनुसार हरिहरको दर्शन गर्दा आफूले सोचेको पुग्ने हुँदा प्रत्येक वर्ष माघे सङ्क्रान्तिका दिन लाग्ने ढुङ्गेसाँघु मेला, शिवरात्रि, रामनवमीलगायतका विभिन्न पर्वका अवसरमा दर्शनार्थीको भीड लाग्ने गर्दछ। उक्त धार्मिक क्षेत्रमा निर्माण भएको १०८ शिवलिङ्ग र १०८ गौमुखे पानीका धाराले सो स्थानको आकर्षण बढाएको छ। "लामो समयसम्मको स्थानीयको अथक प्रयासका कारण भूमाफियाको अधिकारबाट खोसेर जग्गा मन्दिरको नाममा ल्याउन सफल भइएको छ", अध्यक्ष भण्डारीले भन्नुभयो, "त्यही जग्गामा अहिले हरिहरको शक्तिले कोटिहोम हुन गइरहेका कारण यस तीर्थस्थल विश्वसामु परिचित हुने विश्वास छ। त्यसमा सबैको साथ-सहयोगको अपेक्षा गरेका छौं ।" सीताघाटमा स्नान गरी हरिहर मन्दिर, अकालादेवी, सीताको पाइला, राम मन्दिर, सिद्धेश्वरलगायतका देवदेवीको बासस्थान रहेको सो स्थानमा हुन लागेको कोटिहोममा स्वदेश तथा विदेशबाट आउने गुरु, सन्त-महन्थ, महात्मा, वाचकलगायत सम्पूर्ण भक्तजन आउने र त्यसले प्रचारप्रसारमा सहयोग पुग्ने आयोजकको अपेक्षा छ । सेतीनदीमाथि प्राकृतिक पुल ढुङ्गेसाँघु सोही क्षेत्रमा रहेको छ। हरिहरको शक्तिको कारण ढुङ्गा र माटोबाट निर्मित पुलले मानव निर्मित यातायातका साधनलाई समेत आवतजावतमा सुविधा पुगेको छ । पोखराको लेक साइडस्थित बाराहीघाटमा हुने कोटिहोम विवाद भएपछि पाँच सदस्यीय सुझाव समितिसहित सर्वपक्षीय भेलाको सिफारिसमा विर ौटामा यही वैशाख १६ देखि जेठ २६ गतेसम्म कोटिहोम सञ्चालन हुन लागको हो । यसै सन्दर्भमा बाराही घाटमा क्षमा पूजासहित यही वैशाख ३ गते विधिपूर्वक भूमिपूजनसमेत सम्पन्न भएको छ। विश्व शान्तिको कामना गर्दै पर्यटकीय नगरी पोखरालाई प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथद्वारका रूपमा परिचित गराउने र ऐतिहासिक महत्वको हरिहर मन्दिरलाई देशविदेशमा समेत स्थापित गराउने लक्ष्यका साथ कोटिहोम आयोजना गर्न लागेको मानव सेवा फाउन्डेसन नेपालका अध्यक्ष एवं महायज्ञ सङ्कल्पकर्ता बालयोगेश्वर विजयश्री कृष्णमूर्ति महाराजले जानकारी दिनुभयो। यसैगरी गण्डकी प्रदेशका शास्त्रवर्णित सम्पूर्ण धार्मिक क्षेत्र, तीर्थस्थल, मठमन्दिरको महत्वलाई स्वदेश तथा विदेशमा समेत परिचित गराउने लक्ष्य रहेको उहाँले बताउनुभयो । उहाँका अनुसार कोटिहोमको माध्यमबाट धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिस्तरमा पुऱ्याउँदै पोखराको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वाससहित वैदिक ज्ञान, धर्म, परम्परालाई आधुनिक समाजमा पुनःस्थापित गर्दै वैज्ञानिक, सामाजिक र आध्यात्मिक पक्षको उजागर गर्न सहयोग पुग्नेछ।

"पोखरामा कोटिहोम गर्नका लागि सुरुका दिनमा केही विवाद भए पनि पछिल्लो समयमा सबैको अपनत्व हुने गरी सदाशिवजी हरिहरको शक्तिको प्रभावले मन्दिरकै गुठी जग्गामा हुन लागेको छ," उहाँले भन्नुभयो, "कोटिहोममा सबै क्षेत्रको सक्रिय सहभागिता रहने विश्वास छ ।" सो मन्दिरसहित आसपासको झन्डै ८० रोपनी जग्गाभित्र १०० कुण्ड निर्माण गरिएको छ जसमा आचार्य, ब्राह्मणसहित ३०० जनाले जौ-तिल, घ्यू-चामल र अन्य द्रव्य मिश्रित 'चरु' तयार गरी डेढ महिनासम्म नित्य होमहोमादी गरिने विधिलाई 'कोटिहवन' भनिन्छ । मुक्तिनाथ दर्शन गर्ने प्रत्येक तीर्थालु भक्तजनले ल्याएको जल हरिहर मन्दिरमा चढाउने र विधिपूर्वक गरिएको होमनको विभूति (खरानी) स्वस्ति शान्तिको प्रतीकका रूपमा प्रत्येकको घरघरमा पुऱ्याउने लक्ष्य कोटिहोमको छ । यसबाट हरिहर मन्दिरको महत्व थप उचाइमा पुग्ने विश्वास लिइएको छ।

कोटिहोमको पूर्वसन्ध्यामा साइकल, मोटर साइकल, कार तथा डुङ्गा ऱ्याली, भूमिपूजन, महायज्ञको पूर्वाङ्ग, सामूहिक विवाह, व्रतवन्ध र चौरासी पूजा गरिने कार्यक्रम रहेको सङकल्पकर्ता बालयोगेश्वरले राससलाई बताउनुभयो। प्रवचनमा आउने भक्तजन तथा दर्शकले दिएको स्वेच्छिक दान लिइने बताउँदै कोटिहोम सम्पन्न गर्न ठूलो धनराशि खर्च हुनेछ, सो खर्च कटाएर बाँकी मन्दिर व्यवस्थापन तथा सञ्चालनमा प्रयोग हुने उहाँले बताउनुभयो।

पोखरामहानगरपालिका-१७का वडाअध्यक्ष राधिका शाही योगीका अनुसार कोटिहोमले यस क्षेत्रको धार्मिक एवं पर्यटकीयस्थलको प्रचारप्रसारमा महत्वपूर्ण उपलब्धि पुग्नाका साथै पोखरा भ्रमण वर्षलाई समेत सहयोग पुग्नेछ । उहाँले यस किसिमको पवित्र धार्मिक कार्यमा सम्पूर्ण वडावासीको साथ-सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । अध्यक्ष शाही भन्नुहुन्छ, "कोटिहोमबाट धार्मिक ज्ञान प्राप्त गर्नाका साथै स्थानीय बासिन्दाको आयआर्जनसँग पनि जोडिनु अपरिहार्य छ । सो कोटिहोम सञ्चालन, व्यवस्थापन तथा सहजीकरणका पक्षमा पोखरा महानगरपालिका रहेको आयोजकले स्पष्ट गरेको छ।

# लेक लागेर बिरामी परेका पर्यटकको उद्धार

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ८ बैशाख

उपल्लो मुस्ताङमा लेक लागेर बिरामी परेका एक विदेशी नागरिकको आइतबार राति सकुशल आपत्कालीन उद्धार गरिएको छ । इटालियन पुरूष नागरिक वर्ष ३१ का डियागो मारियो पिन्टोलाई उपल्लो मुस्ताङमा लेक लागेर बिरामी परेपछि लोमान्थाङ गाउँपालिकाको स्वास्थ्य शाखा टोलीले एम्बुलेन्समार्फत उद्धार गरेको हो।

समून्द्री सतहको झन्डै चार हजार मिटरको अग्लो उचाइमा अवस्थित उपल्लो मुस्ताङ भ्रमण गर्न पुगेका इटालियन नागरिक पिन्टोलाई लेक लाग्ने समस्याले बिरामी परेपछि गाउँपालिकाको समन्वयमा तत्कालै गाउँपालिकाकै एम्बुलेन्समार्फत प्रदेश अस्पताल जोमसोम मुस्ताङमा पुऱ्याउने गरी उद्धार गरिएको लोमान्थाङ गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत विकास केसीले जानकारी दिनुभयो । लोमान्थाङ गाउँपालिकाले इटालिनयन पुरूष नागरिक पिन्टोको उद्धारका लागि अक्सिजनको व्यवस्थासहित दुईजना पालिका स्वास्थ्यकर्मीसँगै राखेर एम्बुलेन्समार्फत प्रदेश अस्पताल जोमसोममा पुऱ्याएर भर्ना गरिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत केसीले उल्लेख गर्नुभयो । उपल्लो मुस्ताङको निषेधित तथा नियन्त्रित क्षेत्रमा ५०० डलर खर्च गरेर १० दिनको प्रवेशाज्ञा लिई त्यहाँ पुगेका इटालियन नागरिक पिन्टोलाई लेक लाग्ने समस्याका कारण श्वासप्रश्वासमा समस्या र टाउको दुख्ने समस्या देखिएकाले तत्कालै गाउँपालिकाकै एम्बुलेन्समार्फत उद्धार गरिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत केसीले जानकारी दिनुभयो।

उपल्लो मुस्ताङ भ्रमण गर्ने विदेशी पर्यटकलाई लेक लाग्ने समस्याले बिरामी परेको यो नै पहिलो घटना भएको उहाँको भनाइ छ । उपल्लो मुस्ताङमा ९० किमी दूरीको यात्रा तय गर्दै लेक लागेर बिरामी परेका इटालियन नागरिकलाई प्रदेश अस्पताल जोमसोममा राति १२ बजेको समयमा भर्ना गरिएको थियो। प्रदेश अस्पताल जोमसोमका चिकित्सक डा विशाल सापकोटाका अनुसार लेक लागेर बिरामी परेका इटालियन नागरिकको स्वास्थ्य अवस्था सामान्य रहेको बताउनुभयो । मुस्ताङको जोमसोम हुँदै अर्को दुईजना फ्रान्सेली नागरिक र तीनजना प्रथप्रदर्शक गाइडसँगै उपल्लो मुस्ताङ पुगेका इटालियन नागरिक पिन्टोलाई लोमान्थाङ पुगेपछि लेक लाग्ने समस्या देखिएको थियो।


Government of Gandaki Province
**Ministry of Physical Infrastructure Development and Transport Management**
**Pokhara**

## Invitation for Electronic Bids

**Date of Publication: 2082/01/09**

The Ministry of Physical Infrastructure Development and Transport Management (MoPIDTM), Pokhara, Kaski invites electronic bids for Supply and Delivery of two-wheeler Scooters under SQ Procedures. All other information and Bid Documents can be downloaded from PPMO's website www.bolpatra.gov.np.egp. All eligible bidders are requested to submit the bid with the requested documents with in the mentioned period.

| S/N | Contract ID | Description of Work | Nos. | Bid Security | Bid Documents fee (NRs.) | Deadline of bid Submission |
|---|---|---|---|---|---|---|
| 1. | MoPIDTM/ GOODS/SQ/ 01/2081/2082 | The Supply and Delivery of Two Wheeler Scooter | 03 | 22,000.00 | 1000/- | 2082/01/24 12:00 Noon. |